Nepali/नेपाली

AEC
Australian Electoral Commission

# संघिय निर्वाचन 2019 का लागि
# आधिकारिक निर्देशिका

**शनिबार 18 मे 2019**



तपाइको भोटले अस्ट्रेलिया निर्माणमा सहयोग पुर्याउनेछ।

**18 वर्ष र सो भन्दा माथिका सम्पूर्ण अस्ट्रेलियन नागरिकहरुलाई मतदान अनिवार्य छ।**

## मतदानको दिन शनिबार 18 मे 2019 हो। मतदान समय बिहान ठिक 8 बजे देखि बेलुका ठिक 6 बजे सम्म हुनेछ।

## मतदान कहाँ गएर गर्ने ?

तपाइले तपाइको राज्य वा क्षेत्रको कुनैपनि मतदान स्थलमा गएर मतदान गर्न सक्नुहुनेछ।

सबैजसो मतदान स्थलहरु स्थानीय विद्यालय, गिर्जाघर, सामुदायिक सभागृह तथा सार्बजनिक भंवनहरुमा राखिएका हुन्छन।

तपाइको सबैभन्दा नजिकको मतदान स्थल थाहा पाउन **www.aec.gov.au/where** मा हेर्नुहोस। मतदान स्थलहरुको विवरण नगर बाट प्रकाशित हुने सम्पूर्ण मुख्य पत्रिकाहरुमा निर्वाचनको अघिल्लो दिन प्रकाशित पनि हुनेछ।

मतदान स्थलको पहुचता तथा विवरण तपाइले यहाँ **www.aec.gov.au/where** हेर्न सक्नुहुन्छ।

अन्धा वा राम्ररि आँखा नदेख्नेहरुले मतदान विकल्पहरुको लागि 13 23 26 मा कल गर्नुहोस।

मतदानको दिन यदि तपाई अर्कै राज्यमा हुनुभयो भने, तपाइले निर्धारित अन्तरराज्य मतदान केन्द्रमाकेन्द्रबाट मतदान गर्न सक्नुहुनेछ वा तल उल्लेखित अग्रिम मतदानका विकल्पहरु पनि प्रयोग गर्नसक्नुहुनेछ।

## यदि मैले तोकिएकै दिन मतदान गर्न सकिनभने के गर्ने ?

यदि तपाइँ मतदानको दिन आफ्नो राज्य वा क्षेत्रको मतदान स्थल गएर मतदान गर्न सक्नुहुन्न भने, तपाईले आफै उपस्थित भएर वा हुलाक मार्फत अग्रिम मतदानको अवसर प्राप्त गर्न पनि सक्नुहुनेछ।

### आफै उपस्थित भएर अग्रिम मतदान कसरि गर्ने ?

तपाइले निर्वाचनको दिन अगाडिनै अग्रिम मतदान केन्द्रबाट, घुम्ती मतदान टोलिसंग वा देशबाहिर अस्ट्रेलियन बैदेसिक मतदान केन्द्र बाट अग्रिम मतदान गर्न सक्नुहुन्छ।

अग्रिम मतदान केन्द्रहरु **सोमबार 29 अप्रिल 2019** का दिन देखि खुल्नेछन। केन्द्रहरुको खुल्ने समय तथा दिन फरक फरक हुनेछन त्येसैले **www.aec.gov.au/where** मा गइ प्रत्येक अग्रिम मतदान केन्द्रको विवरण बुझ्नुहोस्।

अग्रिम मतदानकालागी चाहिने योग्यता तथा अन्य थप जानाकरिका लागि **www.aec.gov.au** मा जानुहोस वा 13 23 26 मा कल गर्नुहोस।

### हुलाक मार्फत अग्रिम मतदान कसरि गर्ने ?

उपयुक्तता पुगेको खण्डमा तपाइले हुलाक मार्फत गरिने मतदानकालागि **www.aec.gov.au/pva** मा गएर अनलाइन आवेदन दिन सक्नुहुनेछ। आवेदन फारमहरु कुनै पनि अस्ट्रेलियन निर्वाचन आयोगको कार्यालयमा उपलब्ध हुन्छ। आफ्नो आवेदन **बुधवार 15 मे 2019 साँझ 6 बजे** भन्दा ढिलो नहुनेगरी सम्भव भएसम्म छिटो अस्ट्रेलियन निर्वाचन आयोगको कार्यालयमा प्राप्तहुनेगरी पठाउनुहोस।

## कतै मेरो निर्वाचनक्षेत्रको बिभाजनमा हेरफेर त भएको छैन ?

दुइ नया क्षेत्र समेत गरेर हाल 151 ओटा संघिय निर्वाचन क्षेत्र कायम छन्। गत निर्वाचन भन्दा अहिले केहि क्षेत्रहरुको पुन: नामाकरण गरिएको छ र धेरै क्षेत्रहरुको सीमा परिवर्तन पनि गरिएको छ।

तपाइँ कुन निर्वाचन बिभाजन क्षेत्रमा पर्नुहुन्छ **www.aec.gov.au/electorate** मा हेर्नुहोस।

## कसलाई मत दिने त्यो तपाइको निर्णय हो

मतदान स्थल बाहिर उमेदवारका प्रतिनिधिहरुले तपाइलाई भोट कसरि हाल्ने भन्ने कार्डहरु दिएर यसरि भोट हाल्नु पर्छ भनेर तपाइलाई प्रभावित पार्ने सल्लाह दिन पनि सक्छन। तपाइले त्यो कसरि भोट हाल्ने भन्ने कार्डकै कुरा स्वीकार गर्नु वा मान्नु पर्दैन।

# आफ्नो मत सदर कसरी बनाउने

तपाईले निर्वाचनको समयमा दुईवटा **मतपत्र प्राप्त** गर्नुहुनेछ :

- प्रतिनिधिसभा (House of Representatives) को लागि हरियो रंगको, र
- विधानसभा (Senate) को लागि सेतो रंगको।

तपाइले दुबै मतपत्रहरु भर्नुपर्ने छ।

हरियो मतपत्रमा तपाइले आफ्नो स्थानीय क्षेत्रको प्रतिनिधित्व गर्ने वा प्रतिनिधि सभाको सदस्यहरुकालागी मतदान गर्नुहुनेछ।

सेतो मतपत्रमा तपाइले आफ्नो राज्य वा क्षेत्रको सिनेटमा प्रतिनिधित्व गर्ने प्रतिनिधिकोहरुकालागी मतदान गर्नुहुनेछ।

**मतदान गर्दा गल्ति भएमा नआत्तिनुहोस्। तपाईले अर्को मतपत्र मागेर फेरि शुरु गर्न सक्नुहुनेछ।**

अस्ट्रेलियन निर्वाचन आयोगको वेबसाईटमा मतदान अभ्यास गर्न सकिन्छ भन्ने कुरा के तपाइलाई थाह थियो ? यो लिंकमा जानुहोस **www.aec.gov.au/practise-voting**

## प्रतिनिधिसभा (House of Representatives)

हरियो मतपत्रमा तपाइले आफ्नो रोजाइ अनुसार **प्रत्येक बाकसमा** क्रमैसंग अंक भर्नै पर्ने हुन्छ।

House of Representatives
Ballot Paper

OFFICIAL USE ONLY

State
**Electoral Division of Division Name**

**Number the boxes from 1 to 8 in the order of your choice**

| | | |
|---|---|---|
| | 2 | SURNAME, Given Names<br>INDEPENDENT |
| LOGO | 3 | SURNAME, Given Names<br>PARTY |
| LOGO | 7 | SURNAME, Given Names<br>PARTY |
| LOGO | 4 | SURNAME, Given Names<br>PARTY |
| | 1 | SURNAME, Given Names<br>PARTY |
| LOGO | 5 | SURNAME, Given Names<br>PARTY |
| LOGO | 6 | SURNAME, Given Names<br>PARTY |
| LOGO | 8 | SURNAME, Given Names<br>PARTY |

Remember... number every box to make your vote count

SAMPLE

नमूना मतपत्र

# विधानसभा (Senate)


सेतो मतपत्रमा तपाइलाइ मतदान गर्ने तरिका  छनोट गर्ने दुइ बाटाहरु उपलब्ध छन्।

यदि

## रेखाको माथि गरेमा

यदि तपाइले रेखाको माथि भोट गर्नुहुन्छ भने **कम्तिमा 6 वटा बाकसहरुमा** तपाईंले क्रमसंख्या भर्नु पर्छ।


आफ्नो पहिलो रोजाइको पार्टी वा समुहको अगाडिको बाकसमा क्रमसंख्या ‘1’ राख्नुहोस। दोस्रो रोजाइको लागि ‘2’ राख्नुहोस। सोहि प्रकारले आफ्नो रोजाइको आधारमा कम्तिमा 6 वटा बाकसमा क्रमाङ्क राख्नुहोस। तपाइले आफ्नो रोजाइको आधारमा अरुपनि बाकसहरुमा क्रमसंख्या राख्दै जान सक्नुहुन्छ।




वा

## रेखाको तल गरेमा

यदि तपाइले रेखाको तल भोट गर्नुहुन्छ भने **कम्तिमा 12 वटा बाकसहरुमा** 1 देखि 12 सम्म आफ्नो रोजाइको आधारमा उमेदवारहरुलाई क्रमबद्द गर्नुपर्नेहुन्छ। रेखाको तल पट्टि तपाइले चाहेजति अरु बाकसमा पनि क्रमसंख्या भर्दै जान सक्नुहुन्छ।




नमूना मतपत्र

**मतदान गर्दा गल्ति भएमा नआत्तिनुहोस्। तपाईले अर्को मतपत्र मागेर फेरि शुरु गर्न सक्नुहुनेछ।**

अस्ट्रेलियन निर्वाचन आयोगको वेबसाईटमा मतदान अभ्यास गर्न सकिन्छ भन्ने कुरा के तपाइलाई थाह थियो ?
यो लिंकमा जानुहोस **www.aec.gov.au/practise-voting**

## मतदान स्थलमा के हुन्छ ?

1 निर्वाचनका कर्मचारीले तपाइको पुरा नाम र ठेगाना अनि तपाइले यो निर्वाचनमा मतदान गरिसक्नुभएको छ कि भनेर सोध्छन। अनि मतदाता नामावलीमा तपाइको नाममा चिन्ह लगाउछन।



2 तपाइलाइ दुइ ओटा मतपत्र दीईनेछ – एउटा हरियो प्रतिनिधि सभाको लागि र एउटा सेतो सिनेटको लागि।



3 **दुबै मतपत्रमा दिइएका  निर्देशनहरु राम्ररी पढ्नुहोस।** कुनै कुरामा दुबिधा भएमा निर्वाचनमा खटिएका अधिकारीलाई सोध्नुहोस।



4 जब तपाइले मतदान सक्नुहुन्छ मतपत्र राम्ररी पट्याएर सहि मतपेटिकामा खसाल्नुहोस।

## यस निर्देशिकाका बैकल्पिक सस्करणहरु

यो निर्देशिका ठुला अक्षरमा छापामा, अडियोमा गरि विभिन्न फरक स्वरुपहरुमा **www.aec.gov.au** बाट डाउनलोड गर्न सकिन्छ। 13 23 26 मा कल गरेर ब्रैली लिपिमा पनि प्राप्त गर्न अनुरोध गर्न सकिन्छ।

यदि तपाई कान नसुन्ने हुनुन्छ वा कान सुन्न वा वोल्नमा समस्या भएमा नेश्नल रिले सर्भिस (एन आर एस) मार्फत हामिलाई सम्पर्क गर्न सक्नुहुन्छ।

- टी टी वाई प्रयोगकर्ताहरुले 13 36 77 डायल गरि 13 23 26 एक्स्टेन्सनकालागि अनुरोध गर्नुहोस्।
- बोल्ने र सुन्ने प्रयोगकर्ताहरुले 1300 555 727 मा सम्पर्क गरि 13 23 26 कोट गर्नुहोस्।
- इन्टरनेट रिले प्रयोगकर्ताहरुले एन आर एस मा सम्पर्क गर्नुहोस त्यसपछि 13 23 26 को लागि अनुरोध गर्नुहोस्।

### अन्य भाषाहरुमा जानकारी

यो निर्देशिकाको अनुवादित सस्करणहरु **www.aec.gov.au/translated** बाट डाउनलोड गर्न सकिन्छ।

### टेलिफोन दोभासे सेवाहरु

निर्वाचन तथा मतदानका बारेमा जानकारी लिनको लागि टेलिफोन दोभासे सेवाहरु उपलब्धछन। 1300 720 153 मा कल गरि आफ्नो भाषा छनौट गर्नुहोस।

18 वर्ष र सो भन्दा बढी उमेरका अस्ट्रेलियन नागरिकहरुलाई मतदान गर्न अनिवार्य छ। यदि तपाइले मतदान गर्नु भएन भने तपाईलाई कानुनि कारवाही पनि हुनसक्छ।

**यदि तपाइले एक पटक भन्दा बढी भोट खसाल्नु भो भने त्यो अपराधिक कार्य हुनेछ।**

17_0919

**www.aec.gov.au** 13 23 26

AEC Australian Electoral Commission

Authorised by the Electoral Commissioner, Canberra.